राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

प्रतिदिन १६ औं वार्षिकोत्सव






वर्ष-१६ ।। अङ्क : ९४ ॥ २०८१ जेठ ०१ गते मंगलबार (14th May 2024 Tuesday) | Pratidin National Daily | मूल्य-रु.५/-


### सर्वोच्चको आदेश अव्यवहारिक

# बसपार्क क्षेत्रमा ४०२ घर निर्माण, ११५३ कित्ताकाट



बिर्तामोड(प्रस) । तेस्रो पक्षमा गइसकेको बिर्तामोड बसपार्कको जग्गा सरकारीकरण गर्नू भनी सर्वोच्च अदालतले भर्खरै दिएको आदेश अव्यवहारिक देखिएको छ । टेकबहादुर गिरी बसपार्कसमेत रहेको सो जग्गामा ४०२ वटा घर निर्माण भएका छन् । त्यस्तै सो जग्गा ११५३ वटा कित्तामा कित्ताकाट भइसकेको छ । बिर्तामोड ५ र अर्जुनधारा ११ स्थित ५१ विगाह जग्गामध्ये ३८ विगाह जग्गा प्लटिङ गरिएको थियो भने बाँकी खाली नै रहेको छ । प्लटिङमा आवासीय घरसंगै टेकबहादुर गिरी बसपार्क, पाथीभरा इन्जिनियरिङ कलेज ,कान्तिपुर ड्राइभिङ सेन्टरजस्ता व्यवसायिक संस्था छन् । त्यस्तै दुई दर्जनको हाराहारीमा होटलहरु संचालनमा रहेका छन् । सर्वोच्च अदालतले गिरीबन्धुको चिया उत्पादनबाहेक अरु प्रयोजनमा रहेका जग्गा सरकारीकरण गर्नू भनी आदेश दिएपछि संरचना निर्माण गरिसकेका व्यवसायी तथा सर्वसाधारण अन्योलमा परेका छन् ।

झापाको गिरीबन्धु टि स्टेटको नाममा रही चिया उत्पादनका लागि उपयोग नभएको जग्गा सरकारीकरण गर्न सर्वोच्च अदालतले आदेश दिएको हो । यो जग्गाको मुद्दा सर्वोच्च अदालतमा चल्दा मुद्दाको बहसमा भाग लिएका वरिष्ठ अधिवक्ता बिर्तामोडका लीला उदासीले सर्वोच्च अदालतको फैसलाको पूर्णपाठमा उक्त मुद्दा किनारा लागेको अवस्थामा केही बोल्नु नपर्ने भनिएकाले ५१ बिगाह जग्गा सुरक्षित रहेको बताए । उदासीका अनुसार भारतीय दूतावासको सहयोगमा बनेको टेकबहादुर गिरी बसपार्क पनि ५१ बिगाहभित्रै पर्छ । ५१ बिगाह जग्गामध्ये सोही बेला केही जग्गा ७३ जनाले किनबेच गरिसकेका थिए ।

हदबन्दी छुटबाट पाएको गिरीबन्धुको जग्गा सट्टापट्टा गर्न दिने सरकारको निर्णयविरुद्ध परेको रिट निवेदनलाई सर्वोच्च अदालतले निर्णय खारेज गर्दै चिया उत्पादन बाहेक अरु प्रयोजनमा रहेका जग्गा सरकारीकरण गर्नू भनी आदेश जारी गरेको छ ।

२०६० सालमा बिक्री भएको जग्गा फिर्ता गर्नुपर्ने भन्ने आशय सर्वोच्च अदालतको आदेशमा रहेको छ ।

२०६० सालमा गिरीबन्धु चिया बगानको जग्गा विभिन्न व्यक्तिलाई बिक्री गरिएको भन्दै सर्वोच्च अदालतले प्रश्न उठाएको छ । तर, त्यतिबेलै अदालतबाट निर्णय भइसकेको भन्दै त्यसबारे सर्वोच्च अदालत थप बोलेको छैन । सर्वोच्चले भनेको छ, 'गिरीबन्धु टि स्टेटको जग्गाको क्षेत्रफल गणना गर्दा २०६० सालको निर्णय बमोजिम हस्तान्तरण गरिएको ५१ बिगाह जग्गालाई समेत कुल हदबन्दी क्षेत्रफल कायम गर्ने प्रयोजनका लागि गणना गर्नू ।'

गिरीबन्धु टि स्टेटको जग्गा मुद्दाको हकमा चिया उद्योगको काम रहेसम्म भनी हदबन्दीमा छुट पाएको जग्गा अरु कुनै पनि कामका लागि प्रयोग हुन नमिल्ने भन्दै सर्वोच्च अदालतले ३४३ बिगाह १९ कठ्ठा १२ धुर जग्गा सट्टापट्टा हुन नसक्ने फैसला गरेको छ ।

# कोशीका मुख्यमन्त्री कार्कीले पाए विश्वासको मत



झापा(प्रस) ।कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वासको मत पाएका छन् । सोमबार प्रदेशसभाबाट विश्वासको मत लिएका कार्कीले सदनबाट आफूलाई बहुमत सिद्ध गरेका हुन् । संविधानको धारा १६८ (५) अनुसार गत बिहीबार मुख्यमन्त्रीमा नियुक्त भएका कार्कीले उपधारा ४ अनुसार सोमवार विश्वासको मत लिएका हुन् ।

मुख्यमन्त्री कार्कीलाई केन्द्रीय सत्ता गठबन्धनमा रहेका सबै दलले विश्वासको मत दिए । ६२ उपस्थित रहेको प्रदेशसभामा नेकपा एमालेका ३९, नेकपा माओवादी केन्द्रका १३, नेकपा एकीकृत समाजवादीका तीन र जनता समाजवादी नेपालका एक प्रदेशसभा सदस्यले मत दिए ।

उनको पक्षमा ५७ मत खस्यो भने विपक्षमा कसैले पनि मतदान गरेनन् । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले मतदान प्रक्रिया नै बहिष्कार गर्दा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का पाँच सांसद तटस्थ बसे ।

कोशी प्रदेश सरकारको गठनबारे मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा विश्वासको मत लिन लागेकोमा विमति जनाएको कांग्रेसले मतदान प्रक्रिया बहिष्कार गरेको हो । सोमवार नै संसदीय दलको बैठक बसेर कांग्रेस यस्तो निधोमा पुगेको हो ।

नेकपा एमाले र नेकपा माओवादी केन्द्रका ५२ प्रदेशसभा सदस्यको समर्थनमा बैशाख २७ गते कार्की मुख्यमन्त्रीमा नियुक्त भएका थिए । कोशीमा नयाँ सरकार गठन भएपछि प्रदेश प्रमुखले प्रदेशसभा अधिवेशन आह्वान गरेका मुख्यमन्त्री कार्कीले सोमवार विश्वासको मत लिनेगरी प्रस्तावको सूचना प्रदेशसभामा दिएका थिए । सोहीअनुरूप मुख्यमन्त्री कार्कीले आफूलाई सदनबाट बहुमत सिद्ध गरेका हुन् ।

कोशी प्रदेशसभामा ९३ सांसदमध्ये बहुमत पुऱ्याउन ४७ सांसद आवश्यक पर्छ । प्रदेशसभामा एमालेका ४०, कांग्रेसका २९, माओवादीका १३, राप्रपाका ६, एकीकृत समाजवादीका चार र जसपाका एक सांसदको प्रतिनिधित्व छ ।

# नगर अस्पतालकी नर्स गंगा नगदसहित सम्मानित




झापा(प्रस) । ५० औं अन्तर्राष्ट्रिय नर्स दिवसको अवसरमा वीरता जेसीजले बिर्तामोड नगर अस्पतालमा कार्यरत नर्स गंगा उप्रेतीलाई नगदसहित सम्मान गरेको छ ।

एक कार्यक्रमका बीच वीरता जेसीजले नगर अस्पतालमा कार्यरत बिर्तामोड-३ निवासी नर्स उप्रेतीलाई नगद १० हजार १११ रुपैयाँसहित सम्मानपत्र प्रदान गरेको हो । नगर अस्पतालमा आयोजित कार्यक्रममा अन्य नौजना नर्सहरुलाई पनि सम्मानपत्र प्रदान गरिएको थियो । 'नर्सहरू नै भविष्य हुन् र स्वास्थ्य स्याहारको वित्तीय शक्ति पनि नर्सहरूसँगै छ' भन्ने नाराका साथ दिवस मनाइएको अध्यक्ष विकास बस्नेतले जानकारी दिए ।

नगर अस्पतालमा कार्यरत नर्सहरुलाई कार्यक्रमका प्रमुख अतिथि नेपाल चिकित्सक संघ मेचीका अध्यक्ष डक्टर सीपी यादव, बिर्तामोड ३ का वडा अध्यक्ष मदन बुढाथोकी, जेसीजका पूर्वअध्यक्ष मिजास पोखरेल, बिर्तामोड उद्योग वाणिज्य संघका उपाध्यक्ष जीवनकुमार खड्का, संघका महासचिव कुशल खतिवडा, नगर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुनिल अधिकारी ,रोट्र्याक्ट क्लब अफ बिर्तामोड मिडटाउनका अध्यक्ष जितेश अग्रवाललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

जेसीजका अध्यक्ष विकास बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा आस्था वाचन सुशील थापाले गरेका थिए भने कार्यक्रम संयोजक प्रभात मास्केले स्वागत र कोषाध्यक्ष टिकाराम खतिवडाले धन्यवाद व्यक्त गरेका थिए ।

आइतवार नै वीरता जेसीजले अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । अध्यक्ष विकास बस्नेतको अध्यक्षतामा वरिष्ठ निर्देशक नवीन सुब्बासंगको अन्तरक्रिया कार्यक्रमको प्रमुख अतिथिमा कलाकार विल्सनविक्रम राई रहेका थिए । राज मुखिया कार्यक्रम संयोजक रहेको सो कार्यक्रममा आस्था वाचन तुलसी निरौला र संचालन महासचिव सुमन पोद्धारले गरेका थिए ।

त्यस्तै भद्रपुरस्थित ओमसाई पाथीभरा हस्पिटलमा कार्यरत कर्मचारीहरूले फ्लोरेन्स नाइटिंगलको सम्झनामा आइतबार अन्तर ष्ट्रिय नर्सिङ दिवस मनाएका छन् ।

अस्पतालको सभाकक्षमा सम्पन्न कार्यक्रममा कर्मचारीहरूले नाइटिंगलप्रति सम्मान प्रकट गर्दै नर्सिङ दिवस मनाएका हुन् । कार्यक्रममा सहायक मेट्रोन इन्दिरा खतिवडा र सरसफाई कर्मचारी पुष्पलाल प्रसाईँलाई नगदसहित पुरस्कृत गरिएको थियो भने उत्कृष्ट वार्ड सर्जिकललाई पनि पुरस्कृत गरिएको थियो । कार्यक्रममा अस्पतालका निर्देशक बालकुमार पोखेल, अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. जयकुमार ठाकुर, अस्पतालका प्रमुख प्रशासक दीप पौडेललगायतले मन्तव्य राखेका थिए । अस्पतालकी न्युरो वार्ड इन्चार्ज ज्योति भट्टराई र ओटी इन्चार्ज विनय उप्रेतीले संयुक्त रुपमा संचालन गरेको कार्यक्रममा अस्पतालका विशेषज्ञ चिकित्सकहरू , नर्सिङ र प्रशासनिक कर्मचारीको सहभागिता रहेको अस्पतालका प्रशासक मनोज दाहालले बताए ।

# झापाका ७९ प्रतिशतले खाए हात्तीपाइलेको औषधि



झापा(प्रस) । हात्तीपाइले रोगविरुद्धको आम औषधि खुवाउने कार्यक्रमअन्तर्गत झापाका ७९ प्रतिशतले औषधि सेवन गरेका छन् ।

बैशाख १६ देखि बैशाख ३० गतेसम्म संचालित आम औषधि कार्यक्रम अन्तर्गत जिल्लाका ८ लाख ४ हजार ७३७ जनाले औषधि सेवन गरेका हुन् । जुन ७९.४६ प्रतिशत हो । झापा जिल्लाको कुल जनसंख्या १० लाख १२ हजार ६४२ रहेको छ । जिल्लामा अघिल्लो वर्ष ७७.६५ ले औषधि खाएका थिए । जिल्लाका १५ वटा पालिकामध्ये बिर्तामोडले शतप्रतिशतभन्दा बढी प्रगति गर्दै पहिलो स्थान ओगटेको छ । बिर्तामोडको कुल जनसंख्या १ लाख २० हजार ३३८ मध्ये १ लाख २० हजार ४८४ अर्थात १००.१२ प्रतिशतले औषधि खाएका छन् । त्यस्तै दोस्रो स्थानमा बुद्धशान्तिले कुल जनसंख्या ५३ हजार १० मध्ये ४९ हजार ३७५ जना अर्थात ९१.०३ प्रतिशतलाई औषधि खुवाएको छ । तेस्रो स्थान हासिल गरेको शिवसताक्षी नगरपालिकाले कुल जनसंख्या ७४ हजार ३६६ मध्ये ६७ हजार १२८ अर्थात ८८.२६ प्रतिशतलाई औषधि सेवन गराएको छ ।

त्यस्तै बाह्रदशी गाउँपालिकाले ३२ हजार ८०९ अर्थात ८६.६२ प्रतिशत ,गौरीगञ्जले ३० हजार ५८३ अर्थात ८६.५८ प्रतिशत , कचनकवल गाउँपालिकाले ३५ हजार ३८९ अर्थात ८६.६३ प्रतिशत कन्काई नगरपालिकाले ४६ हजार २५१ अर्थात ८५.३१ प्रतिशत , ,मेचीनगर नगरपालिकाले १ लाख ९ हजार ५९० अर्थात ८१.१२ प्रतिशत , झापा गाउँपालिकाले ३० हजार २५१ अर्थात ७६.६८ प्रतिशत , अर्जुनधारा नगरपालिकाले ६४ हजार ६४३ अर्थात ७४.४४ प्रतिशत , दमक नगरपालिकाले ८१ हजार ७३६ अर्थात ७२.९५ प्रतिशत , हल्दिवारी गाउँपालिकाले २३ हजार ६१५ अर्थात ७१.९६ प्रतिशत , कमल गाउँपालिकाले ३९ हजार ५५ अर्थात ७१.३९ प्रतिशत , गौरादह नगरपालिकाले ४१ हजार२८० अर्थात ६६.९२ प्रतिशत र भद्रपुर नगरपालिकाले सबैभन्दा कम ३२ हजार ५४८अर्थात ४५.७४ प्रतिशतलाई हात्तीपाइले रोगविरुद्धको औषधि खुवाएको छ ।

गत वर्ष झापाको बुद्धशान्तिले सबैभन्दा धेरै ९२ प्रतिशत, गौरीगञ्जले ९१ प्रतिशत , हल्दिवारीले ८९ प्रतिशत , कमलले ८५ प्रतिशत ,बाह्रदशी र गौरादहले ८३-८३ प्रतिशत , बिर्तामोडले ८२ प्रतिशत , मेचीनगरले ८१ प्रतिशत , झापा र कचनकवलले ८०-८० प्रतिशत , शिवसताक्षीले ७१ प्रतिशत , भद्रपुरले ५३ प्रतिशत , अर्जुनधाराले ५० प्रतिशत र कन्काईले ४६ प्रतिशतलाई हात्तीपाइलेको औषधि खुवाएका थिए । गर्भवती महिला, सिकिस्त बिरामी र दुई वर्ष मुनिका बालबालिकाबाहेक जिल्लामा साढे ९ लाख जनालाई औषधि खुवाउने लक्ष्य राखिएको थियो । यस पटक अभियानलाई सफल बनाउन भद्रपुर, कनकाई , कमलसहित केही पालिकाहरूले हात्तीपाइले कार्ड नै जारी गरेका छन् ।

# अभियान १० दिन थपियो



झापा(प्रस)। हात्तीपाईले रोगबिरुद्धको आम औषधि सेवन अभियानको अवधि थप गरिएको छ ।बैशाख १६ देखि बैशाख ३० सम्म झापासहित सात वटा जिल्लाहरुमा हात्तीपाईले रोगबिरुद्धको आम औषधि सेवन अभियान संचालन भएको थियो । केही स्थानहरुमा अपेक्षित लक्ष्य हासिल हुन नसकेपछि थप १० दिनसम्म अभियान लम्ब्याइएको स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ । महाशाखाका निर्देशक डा. रुद्रप्रसाद मरासिनीले परिपत्र गर्दै यो अभियान बैशाख ३० गतेसम्म निर्धारण गरिएकोमा थप १० दिनसम्म संचालन गरिने जनाएका छन् ।

उनले हालसम्मको प्रगति हेर्दा अधिकांश जिल्ला तथा स्थानीय तहहरुमा लक्षित जनसंख्याको उत्साहजनक सहभागिता रहेको भएता पनि केही स्थानहरुमा अपेक्षित लक्ष्य हासिल हुन नसकेको र केही व्यक्ति तथा समुदायले आफैं पनि औषधि नखाने र छरछिमेक समुदायका अन्य व्यक्तिहरुलाई समेत भ्रामक सूचना दिई औषधि नखान उत्प्रेरित गर्ने क्रियाकलाप भइरहेको सूचना प्राप्त भएकोले यस्ता कार्य नगरिदिनु हुन र यस राष्ट्रिय अभियानमा सबैको सहभागिता तथा सहयोगका लागि अपिल गरेका छन् ।




# भेट्रान्स फुटबलमा पूर्वेली युवा क्लबको शानदार जित



बिर्तामोड(प्रस) । कृष्ण शाक्यको व्यक्तिगत पाँच गोलसँगै आयोजक निलो स्वर्गीय दुर्गादेवी श्रेष्ठ स्मृति भेट्रान्स फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

बिर्तामोडको डोमालाल राजवंशी रंगशालामा सोमवार भएको उद्घाटन खेलमा आयोजकले पाहुना टोली हाम्रो इटहरी भेट्रान्स फुटबल क्लबमाथि गोल वर्षा गरेको थियो ।

इटहरीलाई ९-१ को फराकिलो गोल अन्तरले पराजित गर्दै आयोजक पूर्वेली युवा क्लब निलो अन्तिम चारमा प्रवेश गरेको हो । खेलको १२ औं मिनेटमा पूर्वेलीका मित्र बस्नेतले गोल गर्दै टिमलाई अग्रता दिलाए । पाँच मिनेटभित्र आयोजकले लगातार तीन गोल गर्दै खेल ४-० मा पुर्याएको थियो ।कृष्ण शाक्यले खेलको २६ औं, २९ औं, ४५ औं, ५१ औं र ७० औं मिनेटमा गोल गरेका थिए ।

त्यस्तै, ३० औं मिनेटमा मित्र बस्नेतले व्यक्तिगत दोस्रो गोल गरे । त्यस्तै, खेलको ५७ औं मिनेटमा अंकुर खड्गी र ६५ औं मिनेटमा सुमन श्रेष्ठले एक-एक गोल गरे ।

प्रतियोगिताको प्लेयर अफ द म्याच ४ गोलकर्ता कृष्ण शाक्य भए । उनले नगद २५०० र ट्रफी पाए ।

यसअघि क्लबका कार्यवाहक अध्यक्ष दिपेन चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि बिर्तामोड नगरप्रमुख पवित्रा महतारा प्रसाईं र राष्ट्रिय फुटबल टोलीका कप्तान किरण चेम्जोङले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

सञ्चारकर्मी केशव भट्टराईले सञ्चालन गरेको कार्यक्रममा क्लबका महासचिव विकास बस्नेतले स्वागत गरेका थिए ।

कोशी प्रदेशका आठवटा टिमको सहभागिता रहेको प्रतियोगिताको फाइनल खेल जेठ ७ गते हुने प्रतियोगिता संयोजक टेकराज तिलिङले जानकारी दिए ।प्रतियोगिताको विजेताले नगद १ लाख १ हजार १११ रुपैयाँ, ट्रफी र मेडल पाउनेछ भने उपविजेताले नगद ५५ हजार ५५५ रुपैयाँ पाउने चौधरीले बताए ।

त्यस्तै, प्रत्येक खेलको प्लेयर अफ द म्याचले नगद २५०० र ट्रफी पाउने छन् । प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीलाई नगद १० हजार र ट्रफी प्रदान गरिनेछ ।

प्रतियोगिताका उत्कृष्ट गोलकिप्पर, डिफेन्डर, मिडफिल्डर, फरवार्ड, उच्च गोलकर्ता र प्रशिक्षकले नगद पाँच हजार र ट्रफी प्राप्त गर्ने संयोजक तिलिङले बताए ।

क्लबका अध्यक्ष रविन श्रेष्ठले आफ्नी आमा दुर्गादेवी श्रेष्ठको स्मृतिमा विजेताको नगद पुरस्कार प्रदान गरेका छन् । उपविजेताको पुरस्कार टुबोर्ग बियरले उपलब्ध गराएको हो ।

# झापा गाउँपालिकाद्वारा ३४३ विद्यार्थीलाई साइकल वितरण

कुमरखोद(प्रस)।झापा गाउँपालिकाले आफ्नो पालिकाभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ९ का विद्यार्थीहरुलाई साइकल वितरण गरेको छ ।

पालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रमअन्तर्गत ५ वटा सामुदायिक विद्यालयको कक्षा ९ मा अध्ययनरत ३४३ विद्यार्थीहरुलाई साइकल वितरण गरिएको हो । साइकल पाउने विद्यार्थीहरुमा डिल्लीराज माविका १२५ , कुवाडीदेवी माविका २८ , महेन्द्र माविका २४ , जनता माविका १३१ र जनकल्याण माविका ३५ जना रहेको कार्यवाहक



अध्यक्ष अन्जुदेवी थपलियाले बताइन् । झापा गाउँपालिकामा सामुदायिकतर्फ मावि ५ वटा , निमावि ५ वटा र प्रावि स्तरका ११ वटा गरी कुल २१ विद्यालयहरु रहेका छन् ।

पालिकाले विपन्न परिवारकालाई लक्षित गरी ल्याएको यो कार्यक्रमले विद्यार्थीलाई आवतजावतमा सुविधा पुग्नुका साथै विद्यार्थीको शैक्षिक गुणस्तर अभिवृद्धि हुने, विद्यार्थीको हौसलामा बृद्धि भई विद्यार्थीहरु नियमित विद्यालय आउने कार्यवाहक अध्यक्ष थपलियाले बताइन् । उनले २९ लाख बराबरको रकमबाट विद्यार्थीहरुको लागि साइकल खरिद गरेको जानकारी दिइन् ।

साइकल वितरण कार्यक्रममा शिक्षा शाखा प्रमुख जीवनप्रसाद ढकालले स्वागत मन्तव्यसहित कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए । ढकालले शैक्षिक पहुँचमा अभिवृद्धि गर्ने उद्धेश्यले विद्यार्थी भर्नालाई टिकाई राख्न , विद्यालय र घरको पहुँचलाई टाढा नबनाउन विद्यार्थीलाई साइकल वितरण गरेको बताए।

कार्यक्रममा झापा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र थपलियाले शिक्षा क्षेत्रमा पालिकाले ३ करोडभन्दा वढी रकम विनियोजन गरेको बताए । शिक्षाकै विनियोजित बजेटबाट साइकल खरिद गरिएको बताए । कार्यक्रममा वडा अध्यक्ष सखिचन्द्र ठाकुर , झापा गापा शिक्षक महासंघका सचिव टिकाप्रसाद कट्टेल , शिक्षा समिति सदस्य सुन्दरलाल गणेशलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

# ऋण कर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०२/०१)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सुचना केन्द्र लिमिटेडको कालो सुचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल**

| क्र. सं. | ऋणीको नाम थर तथा तीनपुस्ते विवरण | कर्जा शिर्षक | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| शाखा कार्यालयः शिवगञ्ज | | | |
| १ | ऋणीः प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार बाणिज्य तथा आपुर्ती मन्त्रालय,बाणिज्य विभाग, घरेलू तथा साना उद्योग कार्यालय, भद्रपुर झापा मा मिति २०७७/०४/२९ मा प्रा.फ.र.न १४२/१३१५२/४/२९ मा रजिष्ट्रड ठेगाना झापा जिल्ला गौरिगञ्ज गा.पा. वडा नं १ स्थायी ठेगाना भई, हाल सोही स्थानमा स्थित अमृत इन्टरप्राईजेजको तर्फबाट ऐ. का प्रोपाइटर तुलसी बास्तोलाकी छोरी,सुभाष चन्द्र मैनालीकी पत्नि नागरिकता बमोजिम झापा जिल्ला महाभारा गा.वि.स वडा नं ०६ स्थायी ठेगाना भै हाल हाल झापा जिल्ला गौरीगंज गा.पा.वडा नं ०१ बस्ने मिति २०६३/१२/०५ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं.०४३०३९/७४४ भएकी बर्ष४२ की चम्पा देवी मैनाली । | व्यावसायिक चालूपुंजी कर्जा | श्री सुभाष चन्द्र मैनालीको नाममा भुमिसुधार तथा मालपोत कार्यालय. दमक झापामा, दर्ता कायम रहेको झापा जिल्ला महाभरा गा.वि.स. वडा नं. ४ स्थित कि.नं. २२३० को कूल क्षेत्रफल १-११-१३ (बि.क.धु) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तीनपुस्ते विवरण**

| व्यक्तिगत जमानीकर्ताः | व्यक्तिगत जमानीकर्ताः | व्यक्तिगत जमानीकर्ताः |
|---|---|---|
| नाम : सुभाष चन्द्र मैनाली<br>बाबु : मात्रीका प्रसाद मैनाली<br>बाजेः चन्द्र प्रसाद मैनाली<br>ना.प्र.नं :५७०९२०९०(झापा)<br>जारी मितिः २०५५/०७/१६<br>ठेगानाः झापा जिल्ला महाभारा गा.बि.स. वडा नं ०६, स्थायी ठेगाना भई हाल झापा जिल्ला गैरीगंज गा.पा वडा नं ०१ । | नाम : उदय नारायण कडरिया<br>बाबु : नन्दमुनी कडरीया<br>बाजेः मनोरथ कडरीया<br>ना.प्र.नं : ८५२४१४३५(झापा)<br>जारी मितिः २०४५/०२/१४<br>ठेगानाः झापा जिल्ला शिवगंज गा.वि.स. वडा नं ०२, स्थायी ठेगाना भई हाल झापा जिल्ला शिवसताक्षी न.पा वडा नं ०६ । | नाम : चन्द्र मोहन राजवंशी<br>बाबु : क्षेदालाल राजवंशी<br>बाजेः फेनालाल राजवंशी<br>ना.प्र.नं : ५७०९३२२६<br>जारी मितिः २०५६/०३/३१<br>ठेगानाः झापा जिल्ला महाभारा गा.बि.स. वडा नं ०३, स्थायी ठेगाना भई हाल झापा जिल्ला गैरीगंज गा.पा वडा नं ०१ । |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग

# उपप्रधानमन्त्री यादवद्वारा राजीनामा



झापा(प्रस) । उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवले पदबाट राजीनामा दिएका छन् । जनता समाजवादी पार्टी (जसपा)नेपालका अध्यक्ष समेत रहेका यादवले सोमवार बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'समक्ष राजीनामा बुझाएका हुन् ।

"सोमवार बिहान प्रधानमन्त्री दाहालसमक्ष राजीनामा बुझाएको छु, वर्तमान विकसित राजनीतिक परिस्थितिमा सरकारमै रहेर सहकार्यलाई निरन्तरता दिन नसकिने भएकाले जिम्मेवारीबाट राजीनामा दिन चाहन्छु", उनले भने । उनले आजका दिनसम्म सरकारमा रहेर सहकार्य गर्ने अवसर दिएकोमा प्रधानमन्त्रीलाई धन्यवाद दिएका छन् ।

त्यस्तै, स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री दीपक कार्कीले पनि सोमवार नै पदबाट राजीनामा दिएका छन् । जसपा राजनीतिक समिति सदस्यसमेत रहेका उनले राजीनामा बुझाएका हुन् ।

जसपा सरकारमा प्रवेश

नवगठित जनता समाजवादी पार्टीका उपमहासचिवसमेत रहेका सांसदप्रदीपयादवलेस्वास्थ्य तथा जनसंख्यामन्त्रीको सपथ लिएका छन् । मन्त्री यादवलाई राष्ट्रपति रामचन्द्र पौडेलले पद तथा गोपनीयताको सपथ गराएका छन् । उनीसँगै राज्यमन्त्रीमा जसपाकी हसिना खानले राज्यमन्त्रीको शपथ लिएकी छन् ।

उपेन्द्र यादवले सरकार छोडेलगत्तै जसपा नेपालबाट फुटेर बनेको जसपा सरकारमा प्रवेश गरेको हो ।

जसपा, नेपाल विभाजनपछि अशोक राई नेतृत्वमा बनेको जसपाबाटै अहिले नवलकिशोर साह सुडी वन तथा वातावरणमन्त्री रहेका छन् । अब जसपाबाट मन्त्रिपरिषदमा दुईमन्त्री र एक राज्यमन्त्री भएका छन् ।

जनता समाजवादी पार्टी, नेपालका अध्यक्षसमेत रहेका उपप्रधानमन्त्री एवं स्वास्थ्यमन्त्री उपेन्द्र यादवले सोमबार नै राजीनामा दिएका थिए । त्यस्तै वन तथा वातावरण राज्यमन्त्री दीपक कार्कीले पनि पदबाट राजीनामा दिएका थिए जसपाले मन्त्रीमा रञ्जु झाको नाम पनि प्रधानमन्त्रीलाई दिएको थियो । तर उनको बारेमा टुंगो लागेको छैन । मन्त्रालय रिक्त नरहेकाले कुनै मन्त्रालय खाली गरेर मात्र उनको टुंगो लाग्ने बताइएको छ ।

१२ सांसद भएको जसपा नेपाल अध्यक्ष उपेन्द्र यादव विदेशमा रहेका बेला वैशाख २३ गते विभाजित भएको हो । सात सांसदसहित अशोक राई नेतृत्वको जसपालाई वैशाख २४ गते नै निर्वाचन आयोगले दलको मान्यता दिइसकेको छ । उपप्रधान तथा स्वास्थ्यमन्त्रीसमेत रहेका यादव अब संसदमा पाँच सिटको नेतृत्व गर्ने दलको नेतामा सीमित भएका छन् । उनले पार्टी विभाजनविरुद्ध सोमबार सर्वोच्चमा रिट दायर गरेका छन् ।

# कनकाईमा करेन्ट लागेर महिलाको मृत्यु




झापा(प्रस)। झापाको कनकाई नगरपालिकामा करेन्ट लागेर एक महिलाको मृत्यु भएको छ ।

कनकाई नगरपालिका-२ बस्ने २३ वर्षीया मिना श्रेष्ठको करेन्ट लागेर आइतवार साँझ ६.४५ बजे मृत्यु भएको हो । आफ्नै घरमा होल्डरमा बल्ब लगाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएकी उनको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको जनाइएको छ ।

## हात्तीपाइले रोग विरूद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**हात्तीपाइले रोगका लक्षणहरू**



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

बिर्तामोड नगरपालिका
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल

## पृथ्वी सबैको साझा घर हो । वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं । मानव हात्ती द्वन्दको अन्त्य गरौं ।

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरुः

- हात्ती आएको थाहा पाउने वित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्वार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्वार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

**थप जानकारीको लागिः**

डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३

रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# बेलैमा मलको जोहो गर

जेठ लागिसक्यो । किसानहरु खेतीपातिमा लागिसके । धानको बीउ छर्नका लागि ब्याड तयार गरिरहेका छन् । त्यही भएर मलको अत्यन्त खाँचो भएको छ । यो अवस्थामा कोलकाता आइसकेको कृषि सामग्री कम्पनीको २० हजार टन डिएपी मल नेपाल भित्रिन अझै एक साता लाग्ने भएको छ । नेपालमा डिएपी मलको चरम अभाव छ । ठेकेदार आदित्य बिरला ग्लोबल ट्रेडिङ्ग (सिङ्गापुर) प्रालिले चीनबाट खरिद गरी ल्याएको डिएपी मल कोलकाता बन्दरगाहमा बैशाख २७ गते नै आइपुगेको हो ।

तर त्यहाँ जहाजबाट अनलोड तथा कम्पनीको बोरामा प्याकिङ्ग गरी नेपालतर्फ मल पठाउन कम्तिमा थप एक साताको अवधि लाग्ने जनाइएको छ ।

हाल कम्पनी प्रादेशिक कार्यालय वीरगन्जमा डिएपी १ हजार ९ सय ४८ टन, युरिया ११ हजार ६ सय ६२ टन र पोटास १ हजार ५ सय ३९ टन मौज्दात रहेको बताए । त्यसैगरी मधेश प्रदेशभरीका कम्पनी कार्यालयहरुमा गरी १९ हजार २ सय ७६ टन युरिया, २ हजार ३ सय ३६ टन डिएपि र २ हजार ७ सय ९० टन पोटास मल मौज्दात रहेको छ ।

हाल किसानलाई चैते बालीको लागि डिएपी मल आवश्यक नरहे पनि वर्षे बालीको धानको बीउ छर्न, उखु तथा सुर्ती बालीमा छर्न डिएपीको आवश्यकता छ ।

कम्पनीको थप ७५ हजार मेटन डिएपी पाइपलाइनमा रहेको छ । शाहका अनुसार भारतसंग 'जीटुजी' प्रक्रियाबाट खरिद गरिएको २५ हजार टन डिएपी मल असारको पहिलो सातासम्म नेपाल भित्रिन थाल्ने सम्भावना छ ।

'सम्भवतः भारतमा लोकसभाको निर्वाचन सकिएलगत्तै यो कन्साइन्मेन्टको मल नेपाल भित्रिन थाल्ने छ । यसका साथै ग्लोबल टेण्डरबाट भारतको इन्डियन पोटास लिमिटेड (आइपीएल) ले २ वटा कन्साइन्मेन्टमा ५० हजार टन डिएपि मल ल्याइने भएको छ । यसरी निरन्तर ३ वटा कन्साइन्मेन्टमा गरी ७० हजार मेटन डिएपी मल २ महिनाभित्र भित्रिने भएकाले आउदो बर्षे धान बाली सिजनका लागि पर्याप्त डिएपी मल उपलब्ध हुने दाबी गरिएको छ । तर, त्यस्तो सरकारी दाबी सँधै फेल हुने गरेको छ । त्यसकारण सरकार बेलैमा मलको जोहो गर ।


Pratidin National Daily

प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# नागरिकमैत्री सेवा प्रवाह



• पुण्यप्रसाद भट्टराई

शासनमा नवप्रवर्तनको बहस चलेको निकै भयो । अमेरिकन प्रशासक/प्राविधिक अधिकृत अनिस चोपराले अमेरिकन सार्वजनिक प्रशासन सुधारका मार्गचित्रसहित 'इन्नोभेटिभ गभर्नेन्स' नामक पुस्तक नै लेखे । पुस्तकमा प्रजातान्त्रिक पूर्वाधारमा तथ्याङ्कको प्रवाह र जनताको शासनप्रतिको अभ्यस्त सहभागितालाई जोड दिइएको छ । यसमा जनताको सहभागितामा प्रविधिको सम्मिलनले सुनमा सुगन्ध थप्ने उनको निचोड देखिन्छ । सार्वजनिक सेवा प्रवाह सरकारले आफ्नो वाचा अनुरूप नागरिकलाई प्रदान गर्ने सेवा हो । रेसिप्रोसिटी सिद्धान्तका आधारमा हेर्ने हो भने जनताले तिरेको करको सरकारी भुक्तानी वा प्रतिफल हो ।

विश्व बैङ्कले हरेक सरकारको शासकीय क्षमताको मूल्याङ्कन गर्ने छ वटा आधार तय गरेको छ । त्यसमा सरकारको प्रभावकारिता, गलत क्रियाकलापको कटौती, गैरसरकारी क्षेत्रको नियमनको अवस्था, जनआवाजको खुलापन, उत्तरदायी सरकार जस्ता पक्ष अवलोकन गरिन्छन् । यी पक्षले सरकारको सेवा प्रवाह कति जनउत्तरदायी छ भन्ने बुझाउँछ । सुशासन भनेको सरकारको जनउत्तरदायी कार्यशैली र त्यसबाट जनताले अनुभूत गर्ने सन्तुष्टि हो ।

राज्यको राजनीतिक स्वरूपको माध्यमबाट जनताका अपेक्षामा गरेका सहजीकरणले प्रजातान्त्रिक र विकेन्द्रित सभ्यताका अवस्था प्रदर्शन गर्छन् । नेपालले आफ्नो शासकीय प्रणालीलाई संघीयकरण गरेपछि जनताका अपेक्षा अपेक्षाकृत रूपमा हिजोभन्दा सहज ढङ्गबाट पूरा हुने आशा गरिएको हो । यद्यपि संघीयतामा प्रवेश गरेको करिब एक दशक बित्दासमेत जनतामा निराशा देखिएको, संघीयताप्रति वितृष्णा बढ्दै गएको विश्लेषण सुन्न सकिन्छ । सङ्घीयताले जनताको घरदैलोमा सेवा पुऱ्याउने, विकासको लागत घट्ने, निर्णय र नेतृत्वमा स्थानीय जनताको सहभागिता बढ्ने, स्वायत्तताको माध्यमबाट विकासको प्राथमिकीकरण प्रवर्धन हुने आशा गरिएको थियो ।

यद्यपि विकेन्द्रित स्वरूपबाट भ्रष्टाचार चुलिँदै जानु, केन्द्रीय राजनीतिमा मौसम बिग्रँदा स्थानीय र प्रदेशमा छाता ओड्नुपर्ने अवस्था रहनु, तल्ला संघीय एकाइलाई बलियो बनाउन पठाइने वित्तीय हस्तान्तरणमा कन्डिसनल ग्रान्ट बढी र अन्कन्डिसनल ग्रान्ट कम भएको अवस्था रहनु, संघीयताका सहचालक र सहजकर्ता प्रशासनिक संघीयकरणका लागि कानुन निर्माण नहुनु जस्ता अनगिन्ती कारणले संघीयता अनुकूल र जनअपेक्षा पूरा हुने गरी नागरिकमैत्री सेवा प्रवाह प्रणाली बन्न सकेको देखिँदैन । पूर्वाधार निर्माण र जनतालाई आवश्यक रोजगारीको आन्तरिक वृद्धि गर्न नसकेको अवस्थामा निराशा, विदेश गमन र पलायन हुने प्रवृत्ति बढ्दो छ ।

एउटा उद्योग दर्ता गर्न बहुनिकाय चाहर्नु पर्ने अवस्था, प्रक्रियागत परिधिको पूर्वानुमान स्पष्ट नभएको अवस्था, भनसुन र चाकडीले सेवा प्रवाहमा तजविजी निम्त्याएको अवस्था, सरकारका तहहरूबिच र कार्यालयहरूबिच कार्यविवरणको दोहोरोपना रहेको अवस्था जस्ता पक्ष जनतालाई हैरानी दिने विषय हुन् । त्यस्तै गरी स्थानीय निकायमा एकल सेवा केन्द्र नहुनु, एउटा कार्य गर्न लामो यात्रा गरी बहुनियकाय धाउनुपर्ने अवस्था रहनु, सेवा प्रवाहमा विद्युतीय प्रविधिको सहजीकरणको प्रयोग न्यून हुनु, कतिपय कार्यालयमा नागरिकसँग मोलाहिजा र रेन्ट सिकिङ्ग गर्ने प्रवृत्तिले जनताले सेवाप्रवाहमा मात्र हैन विद्यमान पद्धति र प्रक्रियामा नै खोट देख्ने अवस्था सिर्जना भएको हो । माथिल्लो स्तरमा नीतिगत मोलाहिजा रहनु, भेन्यु सपिङ र लग रोलिङको नकारात्मक प्रयोग हुनु, राजनीतिक स्वार्थका आधारमा संस्थागत र संरचनागत व्यवस्था निर्माण गर्नु, आफ्ना मानिसलाई हेरेर संरचना निर्माण गर्नु, कानुनी रूपमा स्थापित संरचनामा पदाधिकारीको व्यवस्था गर्न आफू अनुकूल कार्यविधि निर्माण गर्नु जस्ता प्रयासले जनताको सहजताका लागि भन्दा सरकारमा रहने अमूक व्यक्तिको सहजता र आवश्यकतालाई हेरी स्रोत र साधनको प्रयोग गरेको देखिन्छ ।

कानुन निर्माण गर्दा जनसहभागिता र विज्ञ सहभागिताको सम्मिलनलाई बेवास्ता गरिनु, कानुनको परिपालनाको आधार खोज्ने गरी कानुन निर्माणका मूल्य मान्यतालाई ख्याल नगरिनु, प्रत्यायोजित विधायनबाट कानुनका प्रावधान निर्माण गर्न सकिने स्थान प्रदान गर्नु जस्ता कार्यले रुल अफ ल भन्दा रुल बाइ ल लाई प्रोत्साहन गर्छ । यस्ता प्रयासका अनगिन्ती उदाहरण छन् ।

विकास सुशासनले ल्याउँछ, सुशासन सरकारको कार्यशैलीबाट अपेक्षा गरिन्छ । जनताको इच्छा विकासको चरम अवस्था र प्रजातान्त्रिक प्रणालीबाट त्यसको उपयोग गर्न पाउनु हो । विकास आफूसापेक्ष मात्र हुँदैन, समय सापेक्ष विश्वको रफ्तार सापेक्ष रहन्छ । सत्ता र शक्तिमा रहेकाहरूले आफूसापेक्ष ढङ्गले विकासको मूल्याङ्कन गरिँदिँदा जनतामा निराशा छाएको छ । प्रविधि र रेमिटान्सको उपयोग गरिरहेका जनता आफूले विश्व रफ्तार सापेक्ष विकासका क्रियाकलापको खोजी गरेका छन् । उनीहरूले विकासलाई आफ्नो वर्तमान र भविष्यको जोखिमसँग तुलना गरेका छन् । आजको अवस्था र प्रवृत्तिले भविष्यलाई त्यति उज्यालो देखाएन भने उनीहरू देश छाडेर अन्यत्र लाग्छन् । आजको सरकार यति चुस्त र विवेकी हुन आवश्यक छ कि जनताले भोलिका निम्ति कल्पना गरेका सकारात्मकताको आधारशिला तयार गर्नसमेत सरकारको सोच र स्रोतको उपयोग होस् ।

दक्षिण एसियामा नै शासकीय स्वास्थ्य र विकासमा कमजोर छवि बनाएको नेपालले आफूलाई विश्वमा अब्बल राष्ट्रनिर्माण गर्ने प्रशस्त सम्भावना पनि छन् । नेपालको कठिन भूगोल आफैँमा सम्भावना हुन् । आजको जमानामा कनेक्टिभिटीले कठोर भूगोललाई समथर बनाइदिन्छ । आन्तरिक कनेक्टिभिटीका समयसापेक्ष पूर्वाधार निर्माणमा सरकारको प्राथमिकता हुन जरुरी छ । यसबाट सृजित उद्यमशीलताको बजारीकरणका लागि अन्तर ष्ट्रिय कनेक्टिभिटीमा असल संस्कारयुक्त कूटनीति परिचालन गरी व्यापार सन्तुलन, अर्थतन्त्रको बाह्य क्षेत्र सन्तुलन र राजनीतिक सम्बन्ध सन्तुलन मिलाउनु पर्छ । यसका लागि 'डिअन्टोलोजिकल' राजनीतिक संस्कार र 'मेरिटोक्रेसी' को प्रवर्धन अनिवार्य छ ।

राजनीति सुसंस्कारित भएमा सरकारको कानुनी, प्रशासनिक र अन्य संरचना नैतिक र सुशासनका प्रवर्धक हुने छन् । प्रशासनिक मर्यादा संस्कृतिका लागि समयसापेक्ष कानुन, वृत्तिप्रणाली र मूल्याङ्कनका वैज्ञानिक र विशिष्ठ आधार सिर्जना गर्न आवश्यक छ । कानुनका छिद्रलाई टाल्ने र जनस्वीकार्य कानुन निर्माण गर्ने कार्यमा जनप्रतिनिधि अभ्यस्त रहनुका साथै, विज्ञताको उपयोग गर्ने र जनसरोकारलाई बुझ्ने कोसिस गर्नु पर्छ । यसका लागि कानुन निर्माणका प्रक्रिया सरलीकरण, तहगत सरकारका विधायिकीको व्यावसायिकता प्रवर्धन आवश्यक छ ।

सुशासन प्रवर्धन र प्रदर्शनको मूल खम्बा स्थानीय सरकार हुन् । सङ्घीयतामा होस् वा केन्द्रीयतामा विकेन्द्रित मनस्थिति, स्रोत र अधिकारले स्थानीय सरकारमा जिम्मेवारी निर्माण गर्छ । जनताको सहभागितामा निर्माण गरिने योजना, जनताकै सहभागितामा गरिने कार्यान्वयन र जनताले नै गर्ने मूल्याङ्कनले सरकारलाई सहजकर्ता र जनतालाई कार्यकर्ताका रूपमा उभ्याउँछ । यहाँ अनिस चोपराले 'इन्नोभेटिभ गभर्नेन्स' मा भनेझैं सरकारको सूचनाको खुलापन र जनताको निरन्तर खबरदारीका कारण सरकारलाई जिम्मेवार, प्रजातान्त्रिक र उत्तरदायी बनाउने मार्ग प्रसस्त हुन्छ ।

सेवाको लागत कटौती गर्न र जनतामा बुझाइको स्तर बढाउन अनुमान योग्यतासहितको सेवाको विवरण जनतामा प्रसार गर्न आवश्यक छ । जोन मेजरले परिकल्पना गरेका र नेपालमा पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईका पालामा उपयोग गरिएको नागरिक बडापत्रको बहुसाङ्केतिक, बहुभाषी र रियल टाइममा उपयोग गर्न सक्ने गरी व्यवस्था गरिनु पर्छ । उदाहरणका लागि रसुवाका दुर्गम गाउँका वृद्धले आफ्ना भाषामा सबै सेवाबारे बुझ्ने गरी र प्रक्रिया बुझ्ने गरी भौतिक वा डिजिटल वडापत्र उपयोग गरिनु पर्छ । यसै गरी जनताको सेवा सहजीकरणका लागि निश्चित दुरीमा सेवा केन्द्रहरूको निर्माण गरी एकै ढोकाबाट सबै सेवा प्रदान गरिनु पर्छ । उनीहरूले सेवा प्राप्त गर्न आवश्यक कागजात एक पटक सरकारी कार्यालयमा पेस गरेपछि अर्को पटक त्यसलाई बोक्नै नपर्ने गरी डिजिटल भण्डारण गर्ने प्रविधि उपयोग गर्नै पर्छ । यसका साथै देशको एउटा स्थानीय सेवाकेन्द्रमा पेस गरिएको कागजपत्रको डिजिटल प्रति देशको जुनसुकै सेवाकेन्द्रबाट उपयोग गर्न सकिने समन्वय प्रणाली आवश्यक छ । मध्यएसियाली राष्ट्र माल्दोभा र जर्जियाले पछिल्लो समय यस पक्षमा निकै फड्को मारेका छन् ।

सेवाप्रदायक कर्मचारीको ज्ञान सिप प्रवृत्ति र क्षमतामा सुधार गर्न नेतृत्वमा नैतिकता र उपलब्ध स्रोतको न्यायोचित वितरण नै काफी छ । उनीहरूको भविष्यका जोखिमको जिम्मेवारी सरकारले लिने र दण्ड पुरस्कारलाई अक्षम्य ढङ्गले प्रयोग गर्ने हो भने मानव साधन (ह्युमन वायर) सुशासनको संवाहक बन्ने निश्चित छ । तर यी सबै कार्यका लागि जिम्मेवार र नैतिक राजनीति पूर्वसर्तका रूपमा खडा हुन जरुरी छ ।

# गुणस्तरीय शिक्षाका आधार



• धनसूदन चौलागाई

व्यक्तिको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउने, रोजगारीका आन्तरिक र बाह्य बजारमा सजिलै खपत हुन सक्ने, नैतिकवान् र राष्ट्रिय हितप्रति समर्पित नागरिक तयार गर्ने शिक्षा नै गुणस्तरीय शिक्षा हो । गुणस्तरीय शिक्षामा पहुँच नागरिकको अधिकार र राज्यको दायित्व हो । शिक्षाको गुणस्तर अभिवृद्धि जति अपरिहार्य छ, त्यति नै चुनौतीपूर्ण पनि छ । यस आलेखमा गुणस्तरीय शिक्षाका लागि चाहिने आधारभूत पक्षबारे चर्चा गर्ने प्रयास गरिएको छ ।

गुणस्तरीय शिक्षाका लागि सर्वप्रथम विद्यालयमा राष्ट्रिय मापदण्डबमोजिमका आवश्यक न्यूनतम भौतिक पूर्वाधारको व्यवस्था हुनु पर्छ । स्थानीय भूगोल र हावापानी अनुकूल तथा विद्यार्थी संख्याको अनुपातमा चिसो र धुलोमुक्त कक्षाकोठा, कार्यालय, शिक्षक कक्ष, सभाकक्ष, विज्ञान तथा सूचना प्रविधि प्रयोगशाला र पुस्तकालयका लागि छुट्टै कोठाको व्यवस्था हुनु पर्छ । खेलमैदान, सफा र स्वच्छ खानेपानी भएको बालमैत्री धारा, साबुनपानीसहितको शौचालयको व्यवस्था हुनु पर्छ । त्यस्तै विद्यालय हातालाई सुरक्षित हुने गरी घेरबारको व्यवस्था गर्नु पर्छ । आवश्यक न्यूनतम भौतिक पूर्वाधारबिना सिक्ने र सिकाउने कार्य गुणस्तरीय हुन सक्दैन ।

कक्षाकोठामा गरिने शिक्षण सिकाइ क्रियाकलापका माध्यमबाट नै विद्यार्थीले पाठ्यक्रममा तोकिएका सिकाइ उपलब्धि हासिल गर्छन् । बालमैत्री र गुणस्तरीय शिक्षण सिकाइमा कक्षाकोठाको वातावरण प्रमुख निर्धारक तत्व हो । कक्षाकोठा भौतिक र मनोवैज्ञानिक दृष्टिले बालमैत्री र सिकाइ अनुकूल हुनु पर्छ । विद्यार्थीलाई कक्षाकोठाको बसाइ आरामदायी र उत्प्रेरणामूलक हुनु पर्छ । विद्यार्थी संख्या र उमेर अनुसार आवश्यक फर्निचरको व्यवस्था, पर्याप्त प्रकाश र स्वच्छ हावाको ओहोरदोहोर हुने तथा बाहिरी आवाज र हल्लाबाट मुक्त कोठा चाहिन्छ । सबैले सजिलै देख्न सक्ने गरी लेख्ने बोर्ड (ब्ल्याकबोर्ड वा ह्वाइटबोर्ड) को व्यवस्था भएको, श्रव्यदृश्य सामग्रीको प्रदर्शनका लागि बिजुली र प्रोजेक्टर आदि उपकरणको व्यवस्था जरुरी हुन्छ । शिक्षकले अपाङ्गता र विशेष आवश्यकता भएका विद्यार्थीलाई सुविस्ता हुने गरी बसाइ व्यवस्था मिलाउनु पर्छ । कक्षाकोठाको बसाइ सबै विद्यार्थीमा आत्मसम्मान, सुरक्षा र समानता अनुभूति हुने किसिमको हुनु पर्छ ।

विद्यार्थीमा विषयवस्तुको ठोस धारणा दिन र शिक्षण सिकाइलाई रोचक, प्रभावकारी र दिगो बनाउन विषयवस्तुको प्रकृति अनुसार प्रयोग गरिने विभिन्न सामग्री नै शैक्षिक सामग्री हुन् । शैक्षिक सामग्रीबिनाको शिक्षण निरश र सिकाइ पट्यारलाग्दो हुन्छ । शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीमा सिकाइप्रतिको अभिरुचि पैदा गर्छ । तसर्थ विषयवस्तु अनुसारका पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था गर्नु पर्छ । सिकाइलाई स्थानीय परिवेश र दैनिक जीवनसँग जोड्न स्थानीय कच्चा पदार्थ, सिप र श्रममा आधारित शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा जोड दिनु पर्छ । शैक्षिक सामग्रीको व्यवस्था गरिसकेपछि यसको प्रयोग र संरक्षणमा पनि ध्यान दिनु पर्छ । बुक कर्नर, पुस्तकालय र पत्रपत्रिका पढ्ने ठाउँको व्यवस्था हुनु पर्छ । विद्यालयमा इन्टरनेट सुविधा चाहिन्छ ।

विद्यार्थी शिक्षण सिकाइको केन्द्रबिन्दु हुन् । विद्यार्थीको अर्थपूर्ण सहभागिताबिना शिक्षाका लागि गरिएको लगानी र जुनसुकै पूर्वाधार निरर्थक हुन्छन् । शिक्षाका निर्धारित उद्देश्य हासिल गर्न र शिक्षालाई गुणात्मक बनाउन विद्यार्थीको सक्रिय सहभागिता अपरिहार्य छ । प्रथमतः विद्यालय उमेरका सबै बालबालिका विद्यालय भर्ना गर्नु पर्छ । भर्ना भएकालाई नियमित विद्यालय आउन र सिकाइप्रति उत्प्रेरित गर्नु पर्छ । कक्षाकोठाभित्रको शिक्षण सिकाइमा सबै विद्यार्थीको सक्रिय सहभागिता सुनिश्चित गर्नु पर्छ । शिक्षकले सबै विद्यार्थीमा दृष्टि पुऱ्याई सिकाइ क्रियाकलापमा कम सक्रिय रहेका, कक्षाकोठाको पछाडि बस्ने र अन्तरक्रियामा कम सहभागी हुने विद्यार्थीमा विशेष ध्यान दिई उनीहरूलाई सिकाइप्रति उत्प्रेरित गर्नु पर्छ ।

कक्षाकोठाको बसाइ र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा विद्यार्थीले कुनै भौतिक, सामाजिक एवं मनोवैज्ञानिक कठिनाइ अनुभूत गरेका रहेछन् भने शिक्षकले त्यसको तत्परतापूर्वक पहिचान र निराकरण गरी सिकाइमा सक्रिय सहभागिताका लागि सहजीकरण र मूलप्रवाहीकरण गर्नु पर्छ । विद्यार्थीका जिज्ञासाको समान रूपमा सुनुवाइ र समाधान गर्नु पर्छ । विद्यार्थीबाट आउने नवीन विचार र नवप्रवर्तनात्मक सोचलाई प्रोत्साहन गर्नु पर्छ । शिक्षण सिकाइमा विद्यार्थीको सहभागिता र सक्रियताको शिक्षकले अनुगमन गरी सुधार गर्नु पर्छ ।

शिक्षासम्बन्धी राष्ट्रिय दर्शनको कार्यान्वयनकर्ता, सिकारुको सहजकर्ता, पथप्रदर्शक र उत्प्रेरक हो, शिक्षक । शिक्षाको गुणस्तर शिक्षकको गुणस्तरमा भर पर्छ । सबै विद्यालयमा आवश्यक न्यूनतम शिक्षकको व्यवस्था हुनु अपरिहार्य छ । दरबन्दी मिलान र विद्यालय समायोजनका माध्यमबाट मौजुदा शिक्षक दरबन्दी आवश्यकताका आधारमा पुनर्वितरण गर्नु पर्छ । सामुदायिक स्रोतबाट सञ्चालन गर्ने गरी अनुमति प्राप्त विद्यालयमा स्थानीय तहबाट स्रोत व्यवस्था गरी आवश्यक न्यूनतम शिक्षकको व्यवस्था गर्नु पर्छ । शिक्षण पेसालाई आकर्षक र मर्यादित बनाई प्रतिभावान् जनशक्ति भित्र्याउने र टिकाउने व्यवस्था हुन आवश्यक छ ।

गुणस्तरीय शिक्षण सिकाइका लागि विद्यालयको सञ्चालन र व्यवस्थापन प्रभावकारी बनाउनु पर्छ । अभिभावकको सहभागिता र अपनत्वबिना त्यो सम्भव छैन । विद्यालय व्यवस्थापन समितिमा अभिभावकको सार्थक सहभागिता चाहिन्छ । व्यवस्थापन समितिमा वास्तविक अभिभावकलाई छनोट गरेर पठाउन सकिएमा मात्र विद्यालय व्यवस्थापन प्रभावकारी र अभिभावकको स्वामित्व एवं अपनत्व कायम हुन सक्छ । अभिभावकले विद्यालयको विकासमा योगदान गर्न सक्ने, सक्षम र अब्बल व्यक्तिमध्येबाट मात्र व्यवस्थापन समितिमा पठाउनु पर्छ । विद्यालयको विकासका लागि समुदायमा भएको साधनस्रोत, श्रम, सिप र ज्ञान विद्यालयका लागि उपयोग गर्नु पर्छ । विद्यार्थीको सिकाइ उपलब्धि र समग्र व्यक्तित्व विकासबारे विद्यालयले अभिभावकसँग निरन्तर अन्तरक्रिया र छलफल गरी पृष्ठपोषण लिने काम गर्नु पर्छ । व्यवस्थापन समितिले विद्यालयका शैक्षिक, प्रशासनिक र आर्थिक गतिविधिमा पारदर्शिता कायम गर्ने र विद्यालयको निरन्तर अनुगमन गरी सुधारमा सहजीकरण गर्नु पर्छ ।

विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्नु आजको आवश्यकता हो । सिकाइका परम्परागत विधि र सामग्रीले त्यो सम्भव छैन । शिक्षामा जति आधुनिक प्रविधिको प्रयोग गर्न सकियो भने अहिलेको सन्दर्भमा शिक्षाको गुणस्तर पनि त्यत्ति नै बढ्दै जान्छ । यसका लागि सूचना तथा सञ्चारलगायत आधुनिक प्रविधिमा विद्यार्थीको पहुँच हुन आवश्यक छ । शिक्षण सिकाइमा आधुनिक प्रविधिको प्रयोग बढाएर मात्र शिक्षालाई गुणस्तरीय बनाउन सकिन्छ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षण सिकाइ प्रक्रियाको पनि गुणात्मकता अभिवृद्धि आवश्यक हुन्छ । विद्यार्थीकेन्द्रित शिक्षण विधि अवलम्बन गर्नु पर्छ । गरेर सिक्ने, प्रत्यक्ष अवलोकन, परियोजना कार्य र जानकारसँगको छलफल जस्ता कार्यका माध्यमबाट सिकाइमा विद्यार्थीलाई अधिकतम सहभागी गराई शिक्षक सहजकर्ताका रूपमा रहने र मार्गदर्शन गर्नु पर्छ । साथै सिकाइलाई यथाशक्य काम, दैनिक जीवन र स्थानीय परिवेशसँग जोड्नु पर्छ । विद्यार्थी विश्व बजारमा आवश्यक पर्ने ज्ञान, सिप र दक्षताका साथै स्थानीय परम्परागत ज्ञान, सिप, पेसा, व्यवसाय, संस्कृति र सम्पदाबारे जानकार भई यसको संरक्षण, संवर्धन र उपयोगमा सक्षम हुनु पर्छ । सिकाइलाई क्रियाकलापमुखी बनाउनु पर्छ । सिकाइ सँगसँगै मूल्याङ्कन र सुधार गर्दै जानु पर्छ ।

शिक्षकलाई शिक्षण सिकाइका क्रममा आइपर्ने विविध समस्याको पहिचान र समाधान, विद्यार्थीका विविधताको सम्बोधन, शिक्षण सिकाइका क्षेत्रमा आएका नवीनतम अवधारणा, ज्ञान, सिप र प्रविधिसँग अद्यावधिक गराई राख्न निरन्तर पेसागत सहयोग र क्षमता विकास आवश्यक हुन्छ । यसका लागि विभिन्न तालिम, कार्यशाला, अन्तरक्रिया, अवलोकन भ्रमण आदिको पर्याप्त अवसर प्रदान गर्नु पर्छ । अध्ययन, अनुसन्धान, नवप्रवर्तन र स्वाध्ययनका लागि प्रोत्साहन गरी अन्तरनिहित प्रतिभा र सम्भावनाको प्रस्फुटनको अवसर दिनु पर्छ । शिक्षकले देखाएको सृजनात्मकता र नवप्रवर्तनलाई यथोचित कदर र प्रोत्साहन गर्नु पर्छ । विद्यालयको नियमित अनुगमन र सुपरिवेक्षण तथा कक्षाकोठाको शिक्षण सिकाइको अवलोकन गरी समस्याको पहिचान र समाधान, कार्यसम्पादनको उचित मूल्याङ्कन गरी शिक्षक कर्मचारीलाई उत्तरदायी बनाउँदै विद्यालय सुशासन प्रवर्धन गर्नु पर्छ ।

अन्त्यमा शिक्षा विकास र समृद्धिको वाहक हो भने विद्यालय शिक्षा त्यसको आधारशिला हो । विद्यालय शिक्षाको लगानी (इनपुट) र प्रक्रिया (प्रोसेस) गुणस्तरीय हुन सकेमा मात्र यसको उत्पादन पक्ष गुणस्तरीय हुन्छ । यसका लागि विद्यालयमा भौतिक पूर्वाधार, आवश्यक मानवीय स्रोतको व्यवस्था र उपयोग, प्रविधिको प्रयोग, अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहन, अभिभावक संलग्नता र प्रभावकारी सुपरिवेक्षणको व्यवस्था हुनु पर्छ ।

# राजनीतिबाट आजित नेपाली जनता



• माधब कल्पित

देश अहिले तरल राजनीतिक अबस्था , भष्टाचार, महँगी , बेरोजगारी र आर्थिक मन्दीका कारण संकटमा फसेको छ । जनतामा सरकार तथा पार्टीहरुप्रति बढ्दै गएको बितृष्णाका कारण अहिले नागरिक विकल्प खोज्न बाध्य भएका छन् ।पार्टीहरुको सत्ता लिप्सा र सिद्धान्तविहीन राजनीति, देश र जनताप्रतिको गैरजिम्मेवारी र कुर्सीमाथिको खिचातानीको फाइदा अरुले नै उठाउन लागिरहेका छन् । पश्चिमा मुलुकहरु नेपाललाई आफ्नो उपनिबेश बनाउने दाउमा पहिलेदेखि नै आँखा गाडेर बसिरहेका छन् । यता विश्वमा तेस्रो शक्तिको रुपमा स्थापित हुँदै गरेको भारत उनीहरुका लागि तगारो बनेको छ । भारतलाई भबिष्यमा चुनौती दिनकै लागि अमेरिकाले अहिले एम.सी. सी. मार्फत नेपालमा आफ्नो बर्चस्व जमाइसकेको छ ।उता चीन नेपाललाई आफ्नो पकडमा राखेर भारतबिरोधी गतिविधि नेपालबाट सञ्चालन गर्ने दाउमा रहेको छ । नेपालमा स्थिर सरकार बन्न नदिने र नेपालीको राजनीति सँधै दिल्लीबाट चल्नु पर्छ भन्ने धारणा बनाएको भारतले सडकदेखि सदनसम्म आफ्ना 'रअ'का एजेन्ट राखिसकेको छ । यहाँ सबै पार्टीभित्र 'रअ'को गिरोहले आफ्नो सञ्जाल बिस्तार नै गरिसकेको भेटिन्छ । भारत आफ्नो स्वार्थका लागि सदियौदेखि नेपाललाई आफ्नो प्रयोगशाला बनाउन चाहन्छ । नेपालमा दीगो शान्ति हुनु र नेपाली जनता सम्बृद्धिको बाटोमा लाग्नु भारतका लागि दुर्भाग्य हो । यसकारण पनि ऊ नेपाल सम्बृद्ध भएको हेर्न चाहन्न । भारतले चाहेकोजस्तो नीति तथा कार्यक्रम बनाउनु पर्ने । दिल्लीको कृपा रहेसम्म मात्रै आफू सत्तामा टिक्न सकिने । दिल्लीको निर्देशन पालना गर्न नसके रातारात सत्ता परिवर्तन हुने प्रथा २००७ साल अघिदेखि नै नेपालमा चलिरहेको छ । हिजो प्रजातन्त्र प्राप्तिका लागि वी. पी ., पुष्पलालदेखि प्रचण्डसम्मलाई भारतकै कृपाले ब्यक्तिबाट पार्टी र पार्टीबाट सरकारमा पुर्यायो । आज पश्चिमा मुलुकको इशारामा जन्मिएको रवि लामिछानेले नेतृत्व गरेको राष्ट्रिय स्वतन्त्र पार्टी पुराना पार्टीको विकल्पका रुपमा जनताले चाहेका थिए । २१ सिट दिएर सदनभित्र त पुर्याए, तर रवि स्वयं यो र त्यो बिषयका मुद्धामा फसेको र उनका कमजोरीलाई समाएर उनको पार्टी र अस्तित्व नै सक्नेगरी कान्तिपुर मिडियालगायत उनले नै उजागर गरेका १२ भाइहरु लागेका छन् । १२ भाइको अगाडि उनी १ भाइको केही चल्दैन । उनलाई सत्तामा पुगेपछि सबै शक्ति प्रयोग गरेर ब्यबस्थामा आमुल परिवर्तन ल्याउँछु भन्ने जोश थियो । त्यो क्षणभरमै नैराश्यतामा परिणत भएको छ । राजनीतिमा कलिलो अनुभव भएका रविलाई कहाँ थिच्दा कहाँ बज्छ भन्ने राम्रो ज्ञान थिएन । उनी सिधा बाटोबाट सिंहदरबार छिरेका हुन् । अबको केही समयपछि उनलाई सिंहदरबारबाट हिरासत छिराउने खेल सुरु भैसकेको छ । उनको पार्टी छोटो समयमा जसरी उदायो ,अब त्यसरी नै अन्त्य हुने संहारमा पुगिसकेको छ । रविलाई सक्नेहरु रविलाई नै सत्तामा पुर्याउनेहरु हुन् । चेसको खेलमा अर्काको पिप्पसो खाइदिँदा आफ्नो मन्त्री ढलेजस्तै प्रचण्ड सरकारको आयु महिनाबाट दिनमा परिणत भइसकेको छ । भारत अहिले आफ्नो चुनावी मैदानमा रहेको छ । भारतको चुनाव सकिनेबितिकै भारतमा भन्दा पहिले राजनीतिको नतिजा नेपालीको आउने छ । यो परिवर्तन एमाले र काँग्रेस ,काँग्रेस र माओवादी अथवा अरु कुनै यो र त्यो दल मिलेर सरकार बनाउने हिजो अस्तिको खेलजस्तो नभएर २०१७ सालको जस्तो खेल दोहोरिन सक्ने छ । यो बिषयमा यति मात्रै संकेत गर्न उचित ठानेको छु । नेपालीको राजनीति नेपालीपन र नेपाली मनबाट चल्नै सक्दैन नेपालमा उद्योगधन्दा कलकारखाना खुल्न नसक्नु नेपाली बजारमा उत्पादित सामानले नेपालमा नै बजार पाउन नसक्नुको पछि भारतको ठूलो हात छ । नेपाली बजारमा आफ्ना उत्पादित सामान भित्र्याउने, बजार बढाउने , नेपाली भूमिमा केही उत्पादन हुन नदिने, बीउबिजन उतैबाट आउने । यहाँका कृषि उत्पादनलाई शुन्यमा परिणत गरिदिन भारतको रणनीति रहेको छ ।सबैतिरबाट शिथिल भएपछि विवश भएर नेपाली संकट झेल्न नसकेर बिदेश पलायन हुनु पर्ने । किनकि उसले नागरिकता बिधेयक परिवर्तन गराएर आफ्ना ४० हजारबढी भारतीयलाई नेपाली बनाइसकेको छ । ७ हजारबढी भारतीय कम्पनी र ब्यापारी प्रतिष्ठानहरु उसले नेपालभित्र खडा गरिसकेको छ । भारतको कूटनीति, नागरिक र ब्यापारी अखडासंगसंगै भूगोल अतिक्रमण हो । पश्चिमा मुलुकहरुको मिसनसहितको धार्मिक अखडाले अबको २० देखि ३० बर्षको हाराहारीमा हाम्रो पहिचान, अस्तित्व, भूगोल,भाषा,धर्म र संस्कृति नै सखाप हुने अबस्थाबाट मुलुक अघि बढिरहेको छ ।सन् २०२६ सम्ममा १ लाखमाथि भारतीय नागरिकलाई नेपाली बनाउने उसको लक्ष्य रहेको छ भने पश्चिमाहरु सो समयसम्ममा नेपालका गाउँ-गाउँमा चर्च र घर-घरमा बाइबल पुर्याउनेगरी भित्रिएका छन् । बिदेशीको इशारामा सत्तामा पुगेका पार्टीहरुबाट जनतालाई सुखी नेपाली र सम्बृद्ध नेपालको सपना मात्रै बाँडियो । सम्बृद्ध नेपालको ३४ बर्षसम्म जनतामा आभास हुन सकेको छैन । सत्तामा पुगेका पार्टीहरु जनताप्रति पूर्ण वफादार भएर लागिनपरेका कारण जनतामा अहिले ब्यबस्थाप्रति नै बितृष्णा पैदा हुन थालेको छ ।

बैंक , लघुबित्त र मिटरब्याजीका कारण घरजग्गा लिलाम भई सडकमा निस्कनु पर्ने अबस्थामा जनता पुगिसकेका छन् । देशभित्र भएका सबै कलकारखाना उद्योगधन्दा फेरि सञ्चालनमा आउनै नसक्नेगरी डुबेर चौपट भएका छन् । उद्योग बाणिज्य तथा यातायात क्षेत्र पूर्ण रुपमा धराशायी बन्न पुगेको छ । जनता सहारा र साथको खोजीमा भौतारिरहेको बेला सरकार जनताको पीडाबाट बेखबर छ । सुनिने, देखिने र भेटिने तीनै तहका सरकारहरुबाट जनताले राहतको महसुस गर्न सकेको पाइन्न । यस्तो अबस्थामा दुर्गा प्रसाई नेतृत्वमा रहेको राष्ट्र ,राष्ट्रियता, धर्म,संस्कृति तथा नागरिक बचाउ महाअभियान अहिले जनताको सारथीका रुपमा जन्मिएको देखिन्छ ।

कोभिड १९ बाट विश्व अर्थतन्त्रमा आएको गिरावटसंगै नेपाली अर्थतन्त्रमा छाएको मन्दीलाई माथि उठाउन सरकार तथा यहाँका उद्योगी ब्यवसायीहरु र लगानीकर्ताहरुको चासो बढ्न नसक्नु र देशको ४० प्रतिशतभन्दा माथिको आर्थिक स्रोत तस्करी प्रथाबाट कालो धनका रुपमा बाहिरिनुले आज नेपालको अर्थतन्त्र मात्रै होइन, जनताको जीवन नै धरापमा परेको बेला जनताको सारथी बनेर जनताका दुःख पीडामा मल्हमपट्टी लगाउँदै हिडेको नागरिक बचाउ अभियानले अकल्पनीय तवरबाट निकट भबिष्यमा नेपालमा निकै ठूलो उचाइ लिने देखिन्छ । नेपाली राजनीतिमा निकै ठूलो परिवर्तन आउने दिशामा देश दौडिरहेको छ । तपाईलाई यसो भनिरहँदा र यो लेख पढिरहँदा आश्चर्य लाग्न सक्ला तर आश्चर्य नमान्नु होस् । आश्चर्य मान्ने दिन त्यति टाढा छैन । निकट भबिष्यमै नेपाली राजनीतिभित्र निकै नै ठूलो आश्चर्य पैदा हुने तयारीमा छ ।(लेखक क्षितिज नाट्य प्रतिष्ठानका केन्द्रीय संयोजक हुन् )

## संखुवासभामा पेस्तोलसहित एकजना पक्राउ

झापा(प्रस) । संखुवासभाको चैनपुर नगरपालिका-१ नुनढाकीबाट कटुवा पेस्तोलसहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा चैनपुर नगरपालिका-१ नुनढाकीका ४२ बर्षीया दिलकुमार चोङवाङ रहेको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक अशोककुमार जवेगूले जानकारी दिए ।
प्रहरी निरीक्षक जवेगूका अनुसार बिशेष सूचनाको आधारमा प्रहरी चौकी नुनढाकी र संखुवासभाको संयुक्त प्रहरी टोलीले १ थान कटुवा पेस्तोलसहित पक्राउ गरिएको हो । दिलकुमारले कटुवा पेस्तोल बोकेर हिँडडुल गर्ने गरेको सूचनाको आधारमा उनलाई आइतबार प्रहरीले पक्राउ गरेको हो । बरामद भएको कटुवा पेस्तोलसहित चोङवाङविरुद्ध मुलुकी अपराध संहिता, २०७४ को हातहतियार तथा खरखजना सम्बन्धी कसूरमा जिल्ला अदालत चैनपुरबाट म्याद थप गरेर अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

## बैशाखमा आगलागी र वन डढेलोबाट २६ जनाको मृत्यु

झापा(प्रस)। बैशाखमा अधिकतम् तापक्रममा वृद्धि भएसँगै मुलुकभर भएका आगलागी र वन डढेलोका घटनाबाट धेरै जनधनको क्षति भएको छ । वैशाखमा डढेलो तथा आगलागीका घट्नामा परी देशभर २६ जनाको मृत्यु भएको जनाइएको छ । लामो समय सुक्खा खडेरी हुँदा बैशाखमा मात्र देशभर आगलागीका आठ सय ६१ र डढेलोका पाँच सय ७३ घटना भएको राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । आगलागीका घटनामा परी २० जनाको मृत्यु भएको थियो भने ७३ जना घाइते भएका थिए । डढेलोका घटनामा परी ६ जनाको मृत्यु भएको थियो भने १३ जना घाइते भएको प्राधिकरणका प्रवक्ता डिजन भट्टराईले जानकारी दिए ।
आगलागीबाट एक हजार तीन सय ६४ र डढेलोबाट चार सय ७ घरपरिवार प्रभावित भएका थिए । त्यस्तै यस अवधिमा चट्याङबाट आठ जना, उचाईमा लेक लागेर दुई, बाढी र जनावरको आक्रमणबाट एक/एक जनाको मृत्यु भएको थियो । वन तथा भू-संरक्षण विभागले दिएको जानकारीअनुसार बैशाख महिनामा मात्र यति धेरै डढेलोका घटना भएको सम्भवतः पहिलो पटक हो ।
नेपालमा खासगरी माघदेखि जेठसम्म बढी आगलागी र डढेलो लाग्ने गरेको छ । नेपालमा विशेष गरी तराई र भित्री मधेसका जिल्लामा वन डढेलो बढी लाग्ने गरेको विभागको वन डढेलो सूचना कक्षका वन अधिकृत गोविन्दकुमार श्रेष्ठले जानकारी दिए । यस वर्ष हिउँदे वर्ष न्यून भएका कारण पनि वन डढेलो धेरै देखिएको विभागको भनाइ छ । डढेलोका कारणमध्ये स्थानीयले घाँसको मुना पलाउने आशमा जानीजानी आगो लगाउने गरेका छन् । डढेलो वन व्यवस्थापनको राम्रो औजार भए पनि त्यो नियन्त्रित हुनुपर्ने वन क्षेत्रको जानकारको भनाइ छ ।
वनजङ्गलमा मानिस वनभोज जाने र आगो त्यतिकै छोड्दा हुने आगलागी, बिँडी, चुरोटका ठूटाबाट समेत वन डढेलो लाग्ने गरेको उनले जानकारी दिए । कतिपय संरक्षित क्षेत्रमा स्थानीयले प्रवेश गर्न नपाएको र स्रोतको प्रयोग गर्न नपाएको आवेगमा समेत आगो लगाउने गरेको देखिएको छ । पछिल्लो समय जलवायु परिवर्तन र वन डढेलो बिचको दुश्चक्रिय अन्तरसम्बन्धले समस्या जटिल बन्नुका साथै डढेलोका घटनासमेत वृद्धि भएको पाइएको जनाइएको छ ।

## दहमा डुबेर युवकको मृत्यु

झापा(प्रस) । पाहा खोज्ने क्रममा चिप्लिएर खोलाको दहमा डुबेर ओखलढुङ्गामा एक युवकको ज्यान गएको छ ।
आइतबार दिउँसो चिशंखुगढी गाउँपालिका-७ ठोट्ने खोलामा साथीहरुसँग पाहा खोज्न गएका जिल्लाको सिद्धिचरण नगरपालिका-५ चुप्लुका २९ वर्षीय सन्तोष राईको दहमा डुबेर मृत्यु भएको हो ।



चिप्लिएर दहमा बेपत्ता भएका राईको खोजी गर्ने क्रममा सोमबार बिहान प्रहरीले डुबेकै स्थानबाट शव फेला परेको जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाका प्रहरी निरीक्षक बालिस्टार सिंहले बताए ।
घटनास्थलमा कानुनी प्रक्रिया पूरा गरी थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक सिंहले जानकारी दिए ।

## बिर्ताबजारमा गाँजासहित दुई जना पक्राउ

बिर्तामोड(प्रस) ।झापाको बिर्तामोड- ३ बिर्ताबजारमा लागूऔषध गाँजासहित दुई जना पक्राउ परेका छन् ।

बिर्तामोड ३ मा डेरा गरी बस्ने बिर्तामोड- ४ का ३६ वर्षीय रवि दास र १९ बर्षीया आयुसा भुजेललाई बिर्ताबजार प्रहरी चौकीबाट आयतवार साँझ खटिएको प्रहरी टोलीले ६९ ग्राम ६२० मिलिग्राम गाँजासहित पक्राउ गरेको हो । पक्राउ परेका उनीहरूलाई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखेर थप अनुसन्धान भइरहेको जनाइएको छ ।

## श्रेजुको र्‍याप गीत 'जय होस्'

झापा(प्रस) ।गायिका श्रेजु वाग्लेको स्वरमा रहेको र्‍याप गीत 'जय होस्' सार्वजनिक भएको छ । शेखर वाग्ले-सिडको शब्द र सङ्गीत रहेको गीतमा डिजेएलएक्स पौडेलको एरेन्ज, मिक्सिङ र मास्टरिङ छ ।
विकास प्रसाईको निर्देशन रहेको गीतको भिडियोमा गायिका श्रेजु, र्‍यापर निर्णय एनएसके, डिजेएलएक्स पौडेल, शेखरलगायत देखिएका छन् । राजधानीमा आइतबार एक कार्यक्रमबिच भिडियो सार्वजनिक गरिएको थियो । भिडियो बालबालिका तथा महिलामन्त्री भगवती चौधरी र सांसद रेखा यादवले केक काट्दै भिडियो सार्वजनिक गरेका थिए । भिडियो बाबाछोरी नामक युट्युब च्यानलबाट सार्वजनिक गरिएको छ ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



सम्पर्क: 9825952680 9816063266 9825952677 9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा




PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१८ | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

- मेष: रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।
- वृष: आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।
- मिथुन: सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।
- कर्कट: जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।
- सिंह: सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।
- कन्या: मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्
- तुला: कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।
- वृश्चिक: आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।
- धनु: आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
- मकर: नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
- कुम्भ: ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।
- मिन: आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ